# सर्वोदय विकासकालागी अभियान नेपाल ( सर्वोदय नेपाल ) जुम्ला

## सदस्य कर्मचारी एवं स्वयंसेवकहरुको

## आचार संहिता २०७९

सर्वोदय विकासका लागि अभियान नेपाल

(सर्वोदय नेपाल) जुम्ला

चनदननाथ नगरपालिका -४ , विजयनगर , जुम्ला

CS Scanned with CamScanner

# सर्वोदय विकासकालागी अभियान नेपाल ( सर्वोदय नेपाल ) जुम्ला

## सदस्य कर्मचारी एवं स्वयंसेवकहरुको

## आचार संहिता २०७९

सर्वोदय विकासका लागि अभियान नेपाल सर्वोदय नेपाल जुम्लाको विधान २०७९ ले दिएको अधिकार प्रयोग गरी सर्वोदय विकासका लागी अभियान नेपाल संस्थाका पदाधिकारी सदस्य कर्मचारी एवं स्वयंसेवकहरुको आचार सम्वन्धमा यस संस्थाको मिति २०७९ जेठ २० गते बसेका कार्यसमितिको वैंठकले आचार संहिता पारीत गरी २०७९ आषाढ १ देखि लागु गरीएको छ । यो आचार संहिताको परिपालना गर्ने गराउने दायित्य सर्वोदय नेपाल जुम्लाको हुनेछ ।

१, सामाजिक जिम्मेवारी र पेशागत आचरण

१.१ सर्वोदय विकासका लागी अभियान नेपालले सामाजिक विकास र स्वयंसेवक गतिविधिहरुमा उच्च प्रथामिकता दिनेछ ।

१.२ मानविय सेवा सार्वजनिक हितको संरक्षण र सम्वर्द्धनका लागी सदैव क्रियाशील हुनेछ ।

१.३ साझा मानविय मूल्य र उद्देश्यका लागि सर्वोदय नेपालले राजनीति धर्म संस्कृति वर्ण तथा जातजातिको संकिर्ण घेराभन्दा बाहिर रहेर कामगर्न तयार रहनेछ ।

१.४ पेशागत नैतिकता एवं मर्यादालाई उच्च प्राथमिकता दिईनेछ ।

१.५ सर्वोदयले कुनैपनि क्रियाकलाप संचालनगर्दा वातावरण संरक्षण तथा जलवायु परिवर्तनप्रति जिम्मेवारी भई संवेदनशीलता प्रदर्शन गर्नेछ ।

१.६ सर्वोदयले आप्नो कार्यक्षेत्रमा कार्यसम्पादनगर्दा समावेशिकरणको सिद्धान्त र प्रकृयालाई आत्मसा तगर्नेछ ।

२. मानव अधिकार र स्वतन्त्रताको सम्मान

२.१ सर्वोदयले कुनै पनि व्यक्तिको मानव अधिकार उल्लंघन गर्ने क्रियाकलाप गर्ने छैन ।

२.२ नेपाल पक्ष सहमतभयको अन्तराष्ट्रिय मानव अधिकार तथा मानविय कानून सन्धी समझौता तथा घोषणापत्रहरुको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

SARBODAYA NEPAL JUMLA 2006

CS Scanned with CamScanner

२.३ लोकतन्त्रको आधारभुत सिद्धान्तहरु र सामाजिक न्याय सम्वन्धी मूल्य र मान्यताहरुमा आँच आउने कुनैपनी कार्यगरीनेछैन ।

२.४ संस्थाले आफनो लक्षित समुदाको नैतिकमुल्य ,मान्यता धर्म भाषा , रीतिरीवाज परम्परा र संस्कृतिप्रति संवेदनशील हुनेछ ।

२.५ संस्थाका क्रियाकलाप हरु सामाजिक समावेशी लैङ्गिकतामैत्री तथा बालश्रममुक्त हुनेछ ।

३. निरपेक्षता र तटस्थता

३.१ संस्थागत रुपमा कुनैपनि राजनीतिक दल वा दलगत राजनीतिक विचारको प्रचारप्रसार गर्ने राजनीतिक प्रभाव पार्ने वा राजनीतिक पूर्वाग्रह राखेर काम गर्नु गराईनेछैन ।

३.२ संस्थागत रुपमा कुनैपनि धर्म विशेषको अनुकुल वा प्रतिकुल हुनेगरी प्रचारप्रसार वा विरोध गर्ने कार्य गराईने छैन ।

३.३ कुनैपनी जात जाति भाषा वर्ण धर्म लिङ्ग उमेर शारीरिक आवस्था र क्षेत्रीयताका आधारमा भेदभाव वा पक्षपात हुनेकार्य गरिने छैन ।

३.४ संस्थाको आन्तरिक तथा बाहीय श्रोत साधनको उपयोग अवसर र वितरणमा विभेदजन्य व्यवहार गरिने छैन ।

४. सहयोगगात्मक मानवीय व्यवहार

४.१ आप्नो कार्यक्षेत्रको लक्षित समुदायका बालवालिका महिला अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक र समाजमा पछाडि पारिएका वर्ग समुदाय र क्षेत्रप्रति सहयोगी व्यवहार गरिनेछ ।

४.२ प्राकृतिक प्रकोप आपद विपद परेका बेला स्रोत साधनले भ्यायसम्म प्रभावित क्षेत्रमा तत्काल गई राहत कार्यमा सहयोग गर्नुपर्छ । वा सहयोगका लागि वातावरण वनाउन पहल गरिनेछ ।

४.३ आप्नो कार्यक्षेत्रमा कार्यरत सेवामुखी स्थानीय संघ संस्था तथा व्यक्तिहरुलाई उनीहरुको कार्यमा स्रोत साधनले भ्यायसम्म सहयोग गरिनेछ ।

SARBODAYA NEPAL JUMLA
2006

Scanned with CamScanner

४.४ मानविय सेवा सहायता तथा यस प्रकारका क्रियाकलापहरुको प्रवर्द्धन र विकासमा सदैव प्रयासरत गरिनेछ ।

## ५. आन्तरिक सुशासन पारदर्शिता र जवाफदेहिता

५.१ संस्थाले विधिको शासनको सिद्धान्तलाई आत्मसाथ गरी संस्थाका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

५.२ सरकार सर्वसाधरण नागरिक सहयोगी संस्था साझेदारी निकाय लाभग्राही तथा अन्य सरोकारवाला निकायहरुसंग व्यवहार गर्दा पारदर्शी ढंगले गरिनेछ ।

५.३ वितिय कारोवार विधि विधान एवं कार्य प्रर्णाली कार्य समिति र साझेदारी निकायहरु सम्वन्धी सम्पुर्ण सूचनाहरु सधै खुला र सर्वसाधारणको पहुचमा राखिनेछ ।

५.४ आप्ना कार्यहरु र स्रोत साधनहरुको उपयोगितावारे सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षण लगायतका विधिहरु मार्फत नियमित रुपमा सार्वजनिक जानकारी गराईनेछ ।

५.५ आप्ना काम तथा निर्णयहरुको सन्दर्भमा आप्ना सहयोगि निकाय सरकार लाभग्राही समुदाय साधारण सदस्य तथा साझेदार निकायहरुप्रति पनि उत्तिकै जवाफदेही हुनेछ ।

५.६ संस्थावाट प्रवाह हुने कुनैपनि सूचना सत्य र सही हुनेछ ।

५.७ आफूहरुमध्ये कर्मचारी कार्यसमिति स्वयंसेवक साझेदार वा सेवाप्रदायकवाट भएका कार्य गलत देखियमा तत्काल सच्चाईने र पुन गल्ती नगर्ने पाठ सिकिनेछ ।

५.८ आन्तरिक लोकतन्त्र खुला सदस्यता र सुशासनको विकास गरी आप्ना सबै संरचनाहरुमा समानुपातिक र समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई अंगीकार गरिनेछ ।

५.९ पछाडि पारिएको वर्ग क्षेत्र र समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न गराउन सकरात्मक विभेदको सिद्धान्तलाई अवलम्वन गरिनेछ ।

SARBODAYA NEPAL JUMLA
2006

Scanned with CamScanner

६. आर्थिक अनुशासन

६.१ कुनै दातृ निकायवाट वित्तीय वा अन्य कुनै प्रकारको सहयोग लिदा संस्थाको उद्देश्य तथा सिद्धान्तहरुलाई योगदान पुग्नेगरी र राज्यको विद्धमान कानून वमोजिम प्राप्ती गरिनेछ ।

६.२ संस्थाले आप्नो बजेट नियमित वार्षिक साधारण सभावाट पारित गराई स्वीकृत बजेट अनुसार मितव्ययी ढंगले संचालित गरिनेछ ।

६.३ संस्थाको कुनैपनि चल अचल सम्पति आप्नो मनोमानी खर्च गर्ने व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने मास्ने वा हानी नोक्सानी हुने कार्य गरिनेछैन ।

६.४ संस्था गैर नाफामुलक रुपमा संचालन हुनुपर्दछ । संस्थाको अतिरिक्त आम्दानी वा बचतलाई नाफाको रुपमा लिई कुनैपनि कार्यकारी सदस्य वा कर्मचारीलाई लाभांश वितरण गरिनेछैन ।

६.५ संस्थाको नीति नियमले तोकेभन्दा वढी वा नियममा उल्लेख नभयको रकम वा सुविधा आफुखुसी उपयोग गरिनेछैन ।

६.६ संस्थाले बित्तीय कारोवारको आन्तरीक नियन्त्रण र परीक्षणका लागी उपयुक्त नियन्त्रण प्रर्णाली र लेखापरीक्षण गर्ने पद्धति अभ्यासमा ल्यायको हुनुपर्दछ । उपरोक्त पद्धती तथा अभ्यास प्रचलित कानुन बमोजिम हुनेछ ।

SARBODAYA NEPAL JUMLA
2006

CS Scanned with CamScanner

६.७ संस्थाको आर्थिक कारोवार प्रचलित नियम कानुन र विधिसम्मत ढंङ्गले अधिकारप्राप्त अधिकारीद्धरा प्रमाणित गरी चुस्त दुरुस्त अभिलेख राखिनेछ ।

७. स्वायत्तता तथा आपसी सदभाव

७.१ संस्थाको मुल उद्देश्यमा आच नआउने गरी संविधानले दियको अधिकारको प्रयोग गरी संस्थाका पदाधिकारी सदस्यहरुले आप्नो विचार राख्नु पर्दछ । तर यसरी आप्नो विचार प्रकटगर्दा अरुलाई व्यक्तिगत रुपमा आक्षेप लगाउनेकार्य गर्नुहुदैन ।

७.२ संस्थाका पदाधिकारी सदस्य कर्मचारी तथा स्वयंसेवकहरुले संस्थाको हकहितको संरक्षण प्रवर्धन र पक्षपोणको कार्य गर्नुपर्दछ ।

७.३ कुनैपनी निकायबाट वित्तीय तथा अन्य कुनै खालको सहयोग लिदा संस्थाको उद्देश्य तथा निर्देशक सिद्धान्तहरुलाई योगदान पुग्नेगरी लिनुपर्नेछ ।

८. आत्मनिर्भरता तथा दिगोपना

८.१ संस्थाले सामाजिक सामुदायिक गतिविधिहरु सञ्चालन गर्दा आत्मनिर्भरता र दिगोपनाका लागि आवश्यकता अनुसार अल्पकालिन र दीर्घकालीन कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।

८.२ संस्थाको संस्थागत विकासतर्फ प्रत्यक सदस्यले रचनात्मक रुपमा निरन्तर लागिरहनु पर्दछ ।

SARBODAYA NEPAL JUMLA 2005

CS Scanned with CamScanner

## ९. मानव संसाधन व्यवस्थापन

९.१ संस्थाले कर्मचारी वा स्वयंसेवक छनौट गर्दा संस्थाको उद्देश्यप्रति प्रतिवद्ध हुने सक्षम र जिम्मेवार व्यक्तिहरु छनौट गर्नुपर्दछ ।

९.२ संस्थाले आफ्नो सदस्य तथा कर्मचारी हरुलाई व्यक्तित्व विकास गर्ने अवसर वा वातावरण दिनुपर्दछ ।

९.३ संस्थाले कार्यकारी समिति कर्मचारी वा स्वयंसेवक छनौट र परीचालन गर्दा समानुपातिक र समावेशी सिद्धान्तलाई अंगीकार गर्नुपर्दछ ।

## १०. समन्वय र सहकार्य

१०.१ आफ्नो कार्यक्षेत्रभित्र रहि राष्टिय र स्थानीयस्तरका विभिन्न सरकारी गैरसरकारी तथा निजी संघ संस्थाहरु वा लाभग्राहि र अन्य सरोकारवालाहरुसंग समन्वय कायम गरी कार्य गर्नुपर्दछ ।

१०.२ समान उद्देश्य तथा कार्यक्रम भयका विभिन्न संघ संस्था एवं सञ्जालहरुसंग समान सम्वन्धको आधारमा सम्पर्क समन्वय र साझेदारीको विकास गर्नुपर्दछ ।

Scanned with CamScanner

१०.३ संस्थाको उद्देश्य लक्षित समुदाय र कार्यक्षेत्र जुध्न गएका कारण हुन सक्ने अवस्था प्रतिसप्रर्धा सेवा तथा कामहरुको दोहोरोपना वा एक अर्काप्रति अवरोध वा निषेध गर्ने जस्ता कार्यहरुवाट संस्था पूर्ण रुपमा मुक्त हुनुपर्दछ ।

प्रमाणित गर्नेको नाम : नराएणी चौलागाँई

पद : अध्यक्ष

संस्थाको नाम : सर्बोदय विकासका लागि अभियान नेपाल जुम्ला

दस्तखत

संस्थाको छाप

CS Scanned with CamScanner